## गुठी तैनाथी जग्गा भाडामा दिने बारेको ३० दिने सूचना

गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको महोत्तरी जिल्ला रामगोपालपुर वडा नं. २(ख) कि.नं. ४५ को ०-१७-९ वडा नं. ३(ख) कि.नं. २३१ को ०-१७-१०, धिरापुर वडा नं. ९(क) कि.नं. १७ को १ -८-१७, वडा नं. ९(ख) कि.नं. ४३५ को १-१७-१६.५ मटिहानी वडा नं. ६ कि.नं. ११० को ०-१७-१७.५ वडा नं. ९(ख) कि.नं. ११० को २-१४-१९.५ जिल्ला धनुषा उमाप्रेमपुर वडा नं. ९(क) कि.नं. २४२ को १ -३-६ विगाहा जग्गामा रहेको तैनाथी पोखरी हाल जे जुन आवस्थामा छन्, सोही अवस्थामा ५(पाच) वर्षका लागि वहालमा दिनु पर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही आफूले दिन चाहेको वार्षिक भाडा रकम र उक्त पोखरी के कसरी, कुन प्रयोजनको लागि भाडामा लिन खोजिएको हो । प्रयोग गरिने तरिका समेत प्रष्ट हुने गरी यो ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. उक्त क्षेत्रको धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक मूल्य, मान्यतामा प्रतिकुल असर नपर्ने गरी उपयोग गर्न सकिनेछ ।

२. बोलपत्र फाराम रु. १०००।- (एक हजार मात्र) नगद बुझाई (फिर्ता नहुने) गरी शाखा कार्यालय महोत्तरीबाट यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको दिउसो १२:०० बजेसम्म वार्षिक भाडादर उल्लेख गरी सहिछाप गरी शिलवन्दी सोही कार्यालयमा बोलपत्र फाराम दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछन् । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. आफुले सकार गरेको पाँच बर्षको कबुल अंकको २.५(दुई दशमलव पाच प्रतिशत) ले हुन आउने रकम गुठी कार्यालय जलेश्वरको नाममा रहेको धरौटी खातामा जमानत वापत नगद जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको वाणिज्य बैकको जमानत पत्र संलग्न हुनु पर्नेछ । बोलपत्र स्वीकृत भएमा सो व्यहोराको जानकारी गराएको मितिले ७ (सात) दिन भित्र प्रयाप्त धितो जमानत लिई सम्झौता गर्नु पर्ने छ । सम्झौता नगरे धरौटी वापतको रकम जफत गरिनेछ ।

५. पोखरी भाडामा लिन चाहिने व्यक्ति/फर्मले गुठीका पोखरीको संरक्षण र सम्वर्द्धन गर्न प्रस्ताव पेश गर्ने व्यक्ति/फर्मको जिम्मेवारी हुनेछ । तोकिएको कार्य बाहेक अन्य कार्य गरी पोखरीको हैसियत, आकृति, प्रकृति घट्ने, विग्रने कार्य वा जग्गा अतिक्रमण गरे/गराएमा नोक्सान भएको बिगो जति पेश भएको जमानतबाट र नपुग हुने जति रकम सरकारी बाँकी सरह घर घरानाबाट असुल उपर गरिनेछ ।

६. गुठी संस्थानलाई कुनै प्रकारको रकम तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालोसूचिमा परेका व्यक्ति/फर्म वा निजको परिबारका सदस्य यस ठेक्का प्रकृयामा सहभागि हुन सक्ने छैनन् ।

७. प्रस्ताव साथ व्यक्तिको हकमा स्थायी लेखा नं. र संघ संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको आफैले प्रमाणित गरेको प्रतिलिपी सहित गत आ.व. सम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

८. प्रस्ताव दाखिला गर्दा आफुले लिन चाहेको पोखरीको कि.नं. नाम लेखि कबुल रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ । यस अघि ठेक्का व्यवस्था भएका पोखरीको वार्षिक ठेक्का रकमलाई नै न्यूनतम रकम मानिने छ ।

९. प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन कायम गरिनेछ ।

१०. उक्त स्थानको पोखरी प्रयोग गर्दा मठ मन्दिरको धार्मिक भावनामा असर पर्ने गतिविधिहरु गर्न पाइने छैन ।

११ पोखरीको कित्ता नं. क्षेत्रफल आदि बिषयमा कुनै द्विविधा भएमा गुठी कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२. पर्न आएका प्रस्तावहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहेनेछ

**गुठी संस्थान शाखा कार्यालय, जलेश्वर, फोन नं. ०४४५२००७४**